Sahaayam Nepal
सहायम् नेपाल
Phone: 9861331988
Pan No.: 603768640
Non-Profit Regd. No. : 352
कुमारीगाल, काठमाडौँ

मिति : ३ माघ २०७५

विषय : यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषताको समावेशिता सम्बन्धी

२०७२ साल देखि युवा नेतृत्वमा वृहत्तर यौनिकता शिक्षाको क्षेत्रमा कार्यरत यस संस्था सहायम् नेपालका लागि यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषताका विषय अत्यन्तै महत्वपूर्ण विषय हो। परम्परागत सामाजिक मूल्यहरूमा आधारित लैङ्गिकता र यौनिकताका अवधारणाहरूले समेट्न तथा सही ढङ्गले सम्बोधन गर्न नसकेका लैङ्गिक तथा यौनिक विविधताहरू अटाउने गर्ने फराकिलो र समावेशी अवधारणाहरू वृहत्तर यौनिकता शिक्षामा अत्यन्तै महत्वपूर्ण रहेकोले यस संस्थाको बुझाईलाई स्पष्ट पार्नका निम्ति अन्तर्राष्ट्रिय सिद्धान्तहरूबाट प्रतिपादित र राष्ट्रिय तहमा पनि प्रयोग हुँदै आएका मूल्य मान्यताहरूको समेत अध्ययन गरेर यो आलेख जारी गरिएको छ।

यौन विशेषता

यौन विशेषता (Sex characteristics) भन्नाले मानिसको यौनाङ्ग वा प्रजनन अङ्गबाट छुट्टिने शारीरिकी भिन्नता हो। कुनै मानिसको यौनाङ्ग र प्रजनन अङ्ग के छ भन्ने विषयले यसलाई निर्धारण गर्दछ। पारम्पारिक मूल्य अनुसार पुलिङ्गी वा स्त्रीलिङ्गीको बुझाइमा नअट्ने ४० वटा भन्दा बढी विविधताको यौन विशेषताहरूलाई एकमुष्ठ रूपमा अन्तर्लिङ्गी (Intersex) भनिन्छ।

लैङ्गिक पहिचान

हरेक व्यक्तिको भित्री मन वा अन्तरात्माबाट लैङ्गिकता सम्बन्धी आएको व्यक्तिगत अनुभूति र अनुभव एवं भित्री मनबाट आएको आन्तरिक बोध नीजको लैङ्गिक पहिचान (Gender Identity) हो। सामाजिक मूल्यअनुसार शिशु जन्मन बित्तिकै यौन अङ्ग वा विशेषताको आधारमा उसलाई केटा वा केटी भनेर गरिने निर्धारणलाई जन्मँदा यौनाङ्गको आधारमा इङ्गित गरिएको लिंग (Sex assigned at birth) भनेर बुझिन्छ।

अधिकांश मानिसहरूको जन्मँदा यौनाङ्गको आधारमा इङ्गित लिंग सँग मेल खाने लैङ्गिक पहिचान हुन्छ, जन्मँदा यौनाङ्गको आधारमा पुलिङ्गी इङ्गित गरिएका व्यक्तिहरूको लैङ्गिक पहिचान पुरुष हुनु र जन्मँदा यौनाङ्गको आधारमा स्त्रीलिङ्गी इङ्गित गरिएका व्यक्तिहरूको लैङ्गिक पहिचान महिला हुनु। यस प्राकारको लैङ्गिक पहिचानलाई अर्को नाम पनि छ र त्याचलैङ्गिक व्यक्ति (Cisgender person) । यस लैङ्गिक पहिचानलाई समाजको मूल्यमा स्वीकारिएको छ भने यस

बाहेकका लैङ्गिक पहिचानहरूले सामाजिक स्वीकार्यता नपाउनुका साथै सामाजिक सिमान्तिकरण समेत भोग्नुपर्ने हुँदा ती लैङ्गिक विविधताका व्यक्तिहरूलाई "सिमान्कृत लैङ्गिक पहिचानका व्यक्तिहरू" पनि भनिन्छ। जन्मँदा यौनाङ्गको आधारमा इङ्गित लिंग भन्दा विपरीत लैङ्गिक पहिचान भएका व्यक्तिहरूलाई पारलैङ्गिक व्यक्ति (Transgender person) भनिन्छ । जन्मँदा यौनाङ्गको आधारमा पुलिङ्गी इङ्गित गरिएका व्यक्तिहरूको लैङ्गिक पहिचान महिला हुनु पारलैङ्गिक महिला हो भने जन्मँदा यौनाङ्गको आधारमा स्त्रीलिङ्गी इङ्गित गरिएका व्यक्तिहरूको लैङ्गिक पहिचान पुरुष हुनु पारलैङ्गिक पुरुष हो । त्यसै गरी महिला वा पुरुष अन्तर्गत नपर्ने विविध लैङ्गिक पहिचानहरूलाई गैर-द्वयसांखिक (Non-binary) भनिन्छ । गैर-द्वयसांखिक अन्तर्गतको विविधताहरू महिला र पुरुष दुबै भनी पहिचान गर्ने दुईलिङ्गी (Bigender) व्यक्तिहरू, तरल लैङ्गिकता भएका व्यक्तिहरू र द्रवलिङ्गी (Gender fluid) व्यक्तिहरू, पुरुषत्व र नारीत्वको मिश्रित लैङ्गिक अनुभव एवं प्रस्तुतिकरण भएका मिश्रितलिङ्गी (Androgyne) व्यक्तिहरू, लगयात थुप्रै विविधताहरू छन् ।

पारलैङ्गिक महिलाहरू महिला नै हुन्, आफूलाई महिला भनेरै चिनाउँछन् र पहिचान गर्छन् भने पारलैङ्गिक पुरुषहरू पुरुष नै हुन्, आफूलाई पुरुष भनेरै चिनाउँछन् र पहिचान गर्छन् । त्यसै गरी गैर-द्वयसांखिक व्यक्तिहरू यी पुरुष र महिलाको परिभाषामा पहिचान गर्दैनन् र आफूलाई त्यसरी परिभाषित गर्दैनन् । अन्तर्लिङ्गी हुनु एउटा यौन विशेषताको सवाल हो र अन्तर्लिङ्गी व्यक्तिहरूको पनि लैङ्गिक पहिचान हुन्छ । अन्तर्लिङ्गी व्यक्तिहरूले पुरुष, महिला वा गैर-द्वयसांखिक अन्तर्गत पहिचान गर्न सक्छन् । गैर-द्वयसांखिक व्यक्तिहरूले लैङ्गिक तटस्थ शब्दहरूबाट सम्बोधन हुन रुचाउँछन् । तर कुन व्यक्तिले आफूलाई कसरी सम्बोधन गर्न रुचाउँछन् भन्ने विषय नीजलाई नै सोधेर सोही अनुसार गर्नुपर्ने विषय हो । यसमा अरु व्यक्तिहरूले लाद्ने, थोपार्ने वा अड्कल गर्नु मिल्दैन ।

कतिपय व्यक्तिहरूले आफूलाई "तेस्रोलिंगी" भनेर पनि चिनाउन सक्छन् । तर यो शब्दको प्रयोग गर्दा अत्यन्तै संवेदनशील हुनुपर्छ । लैङ्गिक पहिचान हरेक व्यक्तिको स्व:पहिचानको विषय हो । कुन व्यक्तिले कसरी पहिचान गर्छ भन्ने नीजहरूलाई सोध्ने विषय हो । कतिपय पुरानो पुस्तामा "तेस्रोलिंगी" शब्दको प्रयोग गरिएतापनि यस शब्द प्रति विशेष गरी युवा पुस्तामा आलोचना छ । पहिलोलिंगी वा दोस्रोलिंगी कोही नरहेको र तेस्रोलिंगी एउटा विभेदकारी शब्दको रूपमा लिइन्छ । फेरी तेस्रोलिंगी परम्परागत लैङ्गिक मान्यता पनि हो । कुनै समयमा सामाजिक मूल्य भन्दा परका लैङ्गिक प्रस्तुतीकरण र अनुभूती भएका व्यक्तिहरूलाई समाजमा बस्न गाह्रो भएकाले उनीहरूले आफ्नो छुट्टै समाज खडा गरेर बस्न गए । त्यस्ता समाजहरूको आआफ्नै नाम, संस्कार, रीतिरिवाज, जीवनशैली र भाषा पनि हुने गर्दछ । हिजडा समाज, मेटी समाज, कोथी समाज, जस्ता इत्यादी समाजहरू छन् । आधुनिक कालमा यस्तो प्रकारको सीमित जीवनशैली बिताउने बाध्यता वा रूची नहुन सक्छ । केही मानिसहरूले आफूलाई तेस्रोलिंगी भनेर व्याख्या गरेपनि समसामायिक अवस्थामा यसले सान्दर्भिकता र अपनत्व गुमाउँदैछ । कोही पनि व्यक्ति सामाजिक मूल्यको लैङ्गिक परिभाषामा नपर्न बित्तिकै तेस्रोलिंगी भनी पहिचान गर्छन् भन्ने अनुमान लगाउनुहुँदैन । लैङ्गिक पहिचान जस्तो नितान्त वैयक्तिक विषयमा अतिक्रमणिय ट्याग लगाउने कार्य गलत हो । त्यसैले सहायम् नेपाल तेस्रोलिंगी शब्दको प्रयोगसँग संवेदनशील छ र कुनै व्यक्ति आफैले नै नीजलाई त्यसरी सम्बोधन गर्न नभने सम्म यो शब्दको प्रयोग गरिनेछैन ।

यौन अभिमुखिकरण

कुनै व्यक्ति कुन लैङ्गिकताका अरू व्यक्तिहरू तर्फ यौन तथा प्रणयात्मक आकर्षण महसुस गर्दछ भन्ने आधारमा निजको यौनिक पहिचानलाई यौन अभिमुखिकरण (Sexual Orientation) भनिन्छ ।

आफू भन्दा फरक लैङ्गिकता प्रति यौन तथा प्रणयात्मक आकर्षण महसुस गर्ने व्यक्तिलाई विषमयौनिक (Heterosexual), आफू जस्तै र उस्तै लैङ्गिकता प्रति यौन तथा प्रणयात्मक आकर्षण महसुस गर्ने व्यक्तिलाई समयौनिक (Homosexual), आफू भन्दा फरक लैङ्गिकता र आफू जस्तै लैङ्गिकता दुबै प्रति यौन तथा प्रणयात्मक आकर्षण महसुस गर्ने व्यक्तिलाई द्वियौनिक (Bisexual), सबै खाले लैङ्गिकता प्रति यौन तथा प्रणयात्मक आकर्षण महसुस गर्ने व्यक्ति वा यौन तथा प्रणयात्मक आकर्षण महसुस गर्न लैङ्गिकता बाधा नपर्ने व्यक्तिलाई सर्वयौनिक (Pansexual), कुनै प्रकारको यौन तथारवा प्रणयात्मक आकर्षण महसुस नगर्ने व्यक्तिलाई अयौनिक (Asexual) भनिन्छ । यौन अभिमुखिकरणमा यी शब्दहरू अधिकांश प्रयोग गरिएको देखिएतापनि यौन अभिमुखिकरण यतिमा मात्र सीमित छैन । यस सम्बन्धीका भाषा र शब्दहरू विकासोन्मुख विषय हो ।

SOGISEC - Sexual Orientation, Gender Identity and Sex Characteristics

यौभिकयौता - यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषता

सिमान्कृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषताका व्यक्ति (People of Marginalized Sexual Orientation, Gender Identity and Sex Characteristics) भन्नाले सामाजिक उत्पीडन, सिमान्तिकरण र विभेदमा परेका यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषताका व्यक्तिहरूलाई जनाउने छाता शब्द हो । अन्तर्लिङ्गी यौन विशेषताका व्यक्तिस पारलैङ्गिक, गैर-द्वयसांखिक लगायतका लैङ्गिक पहिचानका व्यक्तिस विषमयौनिक बाहेकका यौन अभिमुखिकरणका व्यक्तिहरूलाई जनाउने छाता शब्द । यस छातलाई “क्वयेर व्यक्तिहरू“ (Queer people) पनि भनिन्छ । “क्वयेर“ शब्दावली शैक्षिक क्षेत्रमा धेरै प्रयोग गरिन्छ । कतै “लैङ्गिक तथा यौनिक अल्पसंख्यक“ भनिएतापनि त्यो रुचाइएको शब्दावली हैन र सिमान्कृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषताका व्यक्ति हरू “अल्पसंख्यक“ होइनन् - हाम्रो कुण्ठित सामाजिक संरचनाका कारण दृश्यक नभएपनि यो जनसंख्या अल्पसंख्यक भन्ने आधार छैन ।।

मोनिका निरौंला
अध्यक्ष
सहायम् नेपाल